# शुद्धोदन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## मानपकडी, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल

प.सं. : ०८३/८४

च.नं. :

मिति: २०८३/०७/१७

शुद्धोदन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मानपकडी, रुपन्देही लुम्बिनी, नेपाल २०७२

**छाडा चौपाया व्यवस्थापनका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी-सूचना ।**

यस शुद्धोधन गाउँपालिकाको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत छाडा चौपाया व्यवस्थापन कार्यक्रम" सञ्चालन गर्नुपर्ने भएकाले, गाउँपालिका क्षेत्रभित्र रहेका वा नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता भई सञ्चालनमा रहेका इच्छुक स्थानीय तथा अन्य गौशाला, पशु कल्याणकारी संघ-संस्थाहरूबाट नियमानुसारको प्रस्ताव आह्वान गरिन्छ।

यस कार्यक्रम अन्तर्गत छाडा चौपाया (गाई, गोरु, बाच्छाबाच्छी आदि) लाई संरक्षण, दानापानी, स्वास्थ्य उपचार तथा उचित व्यवस्थापन गर्न इच्छुक र योग्य संस्थाहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएका कागजातहरू सहित यस गाउँपालिकाको पशु सेवा शाखामा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ।

१. आवश्यक न्यूनतम योग्यता तथा सर्तहरू:

- प्रचलित कानुन बमोजिम दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि।
- चौपाया राख्ने पर्याप्त भौतिक पूर्वाधार (भौतिक संरचना, टहरा, कम्पाउन्ड, खानेपानीको प्रबन्ध आदि) भएको वा व्यवस्था गर्न सक्ने प्रतिबद्धता।
- छाडा चौपाया व्यवस्थापन सम्बन्धी कार्ययोजना (कति चौपाया व्यवस्थापन गर्न सक्ने, जनशक्ति, र अनुमानित लागत विवरण सहित)।

डबल भण्डारी
पशु विकास अधिकृत